# चौतारा साँगाचोकगढी नगरपालिका
Chautara Sangachokgadhi Municipality
## नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
## शिक्षा,युवा तथा खेलकुद शाखा
**Education, Youth and Sports Section**

चौतारा, सिन्धुपाल्चोक

Chautara, Sindhupalchok

बागमती प्रदेश,नेपाल

**Bagmati Province,Nepal**

**पत्र सं** (Letter No.): **२०८२/२०८३**

**चलानी नं** (Ref No.): ९०८

मिति २०८२।०८।२९

श्री सम्बन्धित विद्यालयहरु सबै ॥

चौतारा साँगाचोकगढी नगरपालिका

**विषय :आठौं नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्बन्धमा ।**

प्रस्तुत विषयमा चौतारा साँगाचोकगढी नगरपालिकाको शैक्षिक सत्र २०८२ को शैक्षिक क्यालेण्डर अनुसार **आठौं नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता यहि २०८२ पौष १४ गते देखि १६ गते** सम्म सन्चालन हुने भएकोले जानकारीका लागि सम्बन्धित सबै विद्यालयहरुमा यो सुचना प्रकाशित गरीएको छ । उक्त प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यालयले विभिन्न निर्धारीत विधाका खेलका लागि खेलाडीहरुको प्रमाणित विवरण **२०८२ पौष ७ गते भित्र** नगर शिक्षा शाखामा पेश गर्नुहुन सुचित गरीन्छ ।

पेशल कुमार पोखरेल

शाखा अधिकृत

पुनश्च :

१.सहभागी विद्यार्थीको विवरण भर्ने ढाँचा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सन्चालन निर्देशिका २०७०(संशोधन २०८०।८।११ समेत) वमोजिम हुनुपर्नेछ ।

२.खेलहरुको विवरण राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सन्चालन निर्देशिका २०७० (संशोधन २०८०।८।११ समेत) को अनुसुची ४ वमोजिम हुनेछ ।

३. आठौं नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता का थप नियमहरु राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सन्चालन निर्देशिका २०७० (संशोधन २०८०।८।११ समेत) को अधिनमा रहि आयोजकले निर्धारण गर्नेछ ।

४.अन्य जानकारी आवश्यकता अनुसार अर्को सुचना मार्फत प्रेषित गरीनेछ ।

अनुसूची ३

सहभागी विद्यार्थी भर्ना विवरण

## चौतारा साँगाचोकगढी आठौं नगर स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड

## छनौट प्रतियोगिता -२०८२

१. सहभागी विद्यार्थीको नाम :..........................................................................

२. सम्पर्क नं

२. विद्यालयको नाम, ठेगाना: /..........................................................................

३. अध्ययनरत कक्षा :..........................................................................

४. जन्म मिति :..........................................................................

५. सहभागी हुने खेल:..........................................................................

६. सहभागी हुने विद्यार्थीको हस्ताक्षर :..........................................................

हालसालै खिचिएको पासपोर्ट साइजको फोटो

**उल्लेखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने,**

| विद्यालयबाट छनौट भएमा | स्थानीय तहबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | प्रदेशबाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिव | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विकास समिति कार्यालय प्रमुखको |
| नाम : | नाम : | नाम : | नाम : |
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : | मिति : | मिति : |
| मोबाइल नं | मोबाइल नं | मोबाइल नं | मोबाइल नं |
| विद्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : |

खेलाडीको जन्म दर्ताको प्रमाणपत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

अनुसूची ४

## आठौं चौतारा साँगाचोकगढी नगर स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड छनौट प्रतियोगितामा संलग्न हुने खेलहरुको विवरण

**१. एथ्लेटिक्स** :

दौड (ट्र्याक) तर्फ :

छात्र : १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४×१०० मि.रिले, ४×४०० मि. रिले ।

छात्रा : १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४×१०० मि. रिले, ४×४०० मि. रिले

फिल्ड तर्फ :

छात्र : हाइजम्प, लङजम्प, त्रिपलजम्प, सटफुट । (१२ पाउन्ड) ज्याभलिङ थ्रो

छात्रा : हाइजम्प, लङजम्प, त्रिपलजम्प, सटफुट । (८ पाउन्ड) ज्याभलिङ थ्रो

**२. भलिबल** :

छात्र/छात्रा :दुवै समुहको भलिवल नकआउट विधिबाट खेलाईन्छ ।

**३. कबड्डी :**

छात्र/ छात्रा :दुवै समुहको कबड्डी नकआउट विधिबाट खेलाईन्छ ।

छात्र: ७० के.जी मुनी, छात्रा: ६५ के.जी मुनी

**४. मार्सल आर्ट** :

करांते (सितोरियो) :

छात्र : U ४२ के.जी., U ४७ के.जी., U ५२ के.जी., U ५७ के.जी., U ६२ के.जी. र काता एकल

छात्रा : U ४० के.जी., U ४५ के.जी., U ५० के.जी., U ५५ के.जी., U ६० के.जी. र काता एकल

तेक्वान्दो :

छात्र : U ४५ के.जी., U ४८ के.जी., U ५१ के.जी., U ५५ के.जी., U ५९ के.जी. र एकल पुम्से

छात्रा : U ४२ के.जी., U ४४ के.जी., U ४६ के.जी., U ४९ के.जी., U ५२ के.जी. र एकल पुम्से

उसु (थाओलु):

छात्र : **Chang Quan, Nan Quan, and Taiji Quan**

छात्रा : **Chang Quan, Nan Quan, and Taiji Quan**

उसु (सान्सौ) :

छात्र : ४२ के.जी., ४५ के.जी.,४८ के.जी

छात्रा : ४२ के.जी., ४५ के.जी.,४८ के.जी

**चौतारा साँगाचोकगढी आठौं नगर स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड छनौट प्रतियोगीता – २०८२**

**नियमहरु :**

१.एथलेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले प्रत्येक इभेन्टमा बढीमा २ जना खेलाडीहरुलाइ सहभागि गराउन सक्नेछन् । प्रत्येक खेलाडीहरुले बढीमा १ फिल्ड २ ट्याक वा २ फिल्ड १ ट्याकमा रहभागि हुन सक्नेछन् । रिले खेलको हकमा माथिको नियम लागु हुनेछैन र एउटा विद्यालयले महिला तथा पुरुष रिलेको प्रत्येक एक एक टिम मात्र सहभागि गराउन सक्नेटन् ।

२.प्रत्येक विद्यालयले भलिबल खेलतर्फ अतिरित्त खेलाडी सहित बढीमा ९ / ९ जना सम्म छात्रा / छात्रहरु सहभागि गराउन सक्नेछन् ।

३.चालु शैक्षिक सत्रको माध्यमिक विद्यालयको कक्षा १२ सम्मको नियमित अध्यनरत विद्यार्थीहरु मात्र यस खेलकुद प्रतियोगितामा सहभागि हुन सक्नेछन् ।

४.प्रत्येक विद्यालयले मार्शल आर्ट खेलमा १ तौल समूहमा १ जना मात्र विद्यार्थी सहभागि गराउन सक्नेछन् ।

५.प्रतियोयोगितामा सहभागि खेलाडी वा विद्यार्थीहरुले एक खेल विधामा मात्र सहभागिता जनाउन सक्नेछन् ।

६.अन्तराष्टिय स्तरमा सहभागि भैसकेको खेलाडीहरुलाइ यस प्रतियोगितामा सहभागि गराइने छैन ।

७.सहभागि विद्यार्थीको उमेरको विषयमा कुनै विवाद भएमा नागरिकताको प्रमाण पत्र, विद्यालय इमिस, जन्म दर्ता र कक्षा आठको अन्तिम परिक्षाको प्रमाण पत्र कक्षा ९ को हकमा रजिष्ट्रेशन फर्म कक्षा ११/ १२ को हकमा रजिष्टेशन फर्ममा उल्लेखित जन्म मिति, तथा विद्यालयको भर्नाको प्रमाणित अभिलेख आदिलाइ आधार मानिनेछ ।

८.गैर विद्यार्थी तथा १८ बर्ष भन्दा बढि उमेर पुगेका विद्यार्थीहरु यस प्रतियोगितामा सहभागि हुन पाउने छैनन । यदि कोहि सहभागि भइ पदक प्राप्त गरेको खण्डमा सो पदक रद्द गर्ने र निकटतम प्रतिस्पर्धि खेलाडीलाइ प्रदान गरिने तथा मापदण्ड विपरित खेलाडी सहभागि गराउने विद्यालय र विद्यालयको प्रधानध्यापकलाइ आयोजकले आवश्यक देखेमा अनुशासन सम्बन्धि कार्वाहिको लागि सिफारिस गर्न सक्नेछ ।

## उजुरी :

कुनै खेलाडी उपर उजुरी गर्नु परेमा सम्बन्धित खेल सकिएको १ घण्टा भित्र नियम अनुसार रु ३००० सहित नगर शिक्षा शाखामा उजुरी निवेदन दर्ता गर्न पाउनेछ ।

**नोट** :प्रतियोगितामा सहभागि विद्यालय आफैले खान र बस्नको व्यवस्था गर्नुपर्नेछ ।